राप्ती नगरपालिकाद्धारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड १ संख्या ८ मिति २०७४/१२/१०

**भाग- १**

## राप्ती नगरपालिका

## राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४

नगर सभाबाट स्वीकृत मिति :- २०७४।१०।१२
प्रमाणीकरण मितिः- २०७४।१०।२६
राप्ती राजपत्रमा प्रकाशन मितिः- २०७४।१२।१०

२०७४ सालको ऐन नं. ४

राप्ती नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :**

नेपालको संविधानको अनुसूची ८ मा उल्लेखित स्थानीय तहको अधिकार सूचीको क्रमसंख्या ८ मा रहेको आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्ने व्यवस्था मिलाउन,

औपचारिक, अनौपचारिक, वैकल्पिक, प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट राप्ती नगरलाई शिक्षित, समुन्नत र सम्बृद्ध बनाउन, र

राप्ती नगरपालिकाभरमा स्थापना भई सञ्चालन भईरहेका तथा स्थापना हुने विद्यालयहरुको सञ्चालन तथा व्यवस्थापनमा एकरुपता एवम् सृजनशील, सीपयुक्त, दक्ष, सकारात्मक सोच र उच्च आदर्शले प्रेरित जनशक्ति विकासका लागि गुणस्तरीय शिक्षाको व्यवस्था मिलाउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम राप्ती नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः-** .१॰ यस ऐनको नाम "राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४" रहेको छ ।

.२॰ यो ऐन राप्ती नगरपालिका क्षेत्रभर लागु हुनेछ ।

.३॰ यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :

.क॰ "ऐन" भन्नाले राप्ती नगरपालिकाको शिक्षा ऐन २०७४ सम्झनु पर्छ।

.ख॰ "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।

.ग॰ "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्छ।

.घ॰ "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम गठन भएको राप्ती नगरपालिका सम्झनु पर्छ।

.ङ॰ "कार्यपालिका" भन्नाले राप्ती नगरपालिकाको कार्यपालिका सम्झनु पर्छ।

.च॰ "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ।

.छ॰ "प्रारम्भिक बाल शिक्षा" भन्नाले तीन वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकाको लागि दिइने प्रारम्भिक शिक्षा सम्झनु पर्छ र सो शब्दले नर्सरी॰ के.जी. र मन्टेस्वरी शिक्षा समेत सम्झनु पर्छ।

.ज॰ "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठ सम्म दिइने शिक्षा सम्झनु पर्छ।

.झ॰ "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ।

.ञ॰ "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन॰ बहिरा॰ अटिज्म॰ बौद्धिक अपाङ्गता सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी बिशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनु पर्छ।

.ट॰ "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छ :

.१॰ दृष्टिविहिन॰ न्यून दृष्टियुक्त॰ बहिरा॰ सुस्तश्रवण॰ अटिज्म॰ बौद्धिक॰ शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा॰

.२॰ सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

.ठ॰ "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयबस्तु सिकाईको व्यवस्थागरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षा सम्झनु पर्छ।

.ड॰ "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ।

.ढ॰ "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमितरुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

.ण॰ "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमितरुपमा अनुदान नपाउने गरी नीजि लगानीमा सञ्चालन गर्न अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

.त॰ "प्रारम्भिक बाल शिक्षा केन्द्र" भन्नाले खण्ड.छ॰ बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, केजी, मन्टेस्वरी आदि सम्झनु पर्छ।

.थ॰ "आधारभूत विद्यालय" भन्नाले खण्ड.ज॰ बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

.द॰ "माध्यमिक विद्यालय" भन्नाले खण्ड.ज॰ र .झ॰ वा खण्ड.झ॰ बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ।

.ध॰ "परम्परागत धार्मिक विद्यालय" भन्नाले परम्परागतरुपमा चलि आएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरु सम्झनु पर्छ ।

.न॰ "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयकोरुपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालय सम्झनु पर्छ।

.प॰ "मन्त्रालय" भन्नाले नेपाल सरकार, संघीय कानून बमोजिम शिक्षा सम्बन्धी काम गर्न तोकिएको मन्त्रालय सम्झनु पर्छ।

.फ॰ "प्रदेश मन्त्रालय" भन्नाले प्रदेश नं ३ को शिक्षा सम्बन्धी काम गर्न तोकिएको मन्त्रालय सम्झनु पर्छ।

.ब॰ "शिक्षक सेवा आयोग" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षकहरुको नियुक्ती सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ।

.भ॰ "पाठ्यक्रम विकास केन्द्र" भन्नाले पाठ्यक्रम निर्माणको लागि जिम्मेवार निकाय सम्झनुपर्दछ।

.म॰ "शिक्षक किताबखाना" भन्नाले संघीय कानून वमोजिम गठन भएको शिक्षक किताबखाना सम्झनु पर्छ ।

.य॰ "प्रमुख" भन्नाले राप्ती नगरपालिकाको प्रमुख सम्झनु पर्छ।

.र॰ "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले राप्ती नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

.ल॰ "नगर शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारी सम्झनु पर्छ।

.व॰ "निरीक्षक" भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको अधिकृत सम्झनु पर्छ।

.श॰ "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्रशासनिक प्रमुखको रुपमा नियमानुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापक सम्झनु पर्छ।

.ष॰ "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेत जनाउंछ।

.स॰ "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ ।

.ह॰ "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

.क्ष॰ "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक शिक्षाको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

.त्र॰ "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ।

.ज्ञ॰ "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृति सम्झनु पर्छ।

.ज्ञ१॰ "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालय नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृति सम्झनु पर्छ।

.ज्ञ२॰ "शैक्षिकगुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

.ज्ञ३॰ "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनु पर्छ।

.ज्ञ४॰ "शिक्षा समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको नगर शिक्षा समिति सम्झनु पर्छ।

.ज्ञ५॰ "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति सम्झनु पर्छ।

.ज्ञ६॰ "व्यवस्थापन समिति" भन्नाले यसै ऐन बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

.ज्ञ७॰ "शुल्क" भन्नाले विद्यालयले नियम बमोजिम विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनु पर्छ।

.ज्ञ८॰ "तोकिएको वा तोकिए बमोजम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावली॰ निर्देशिका॰ कार्यविधि वा मापदण्डमा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज्ञ९) "निरन्तर शिक्षा" भन्नाले समुदायमा रहेका निरक्षरहरु साक्षरताको अवसर र आधारभूत साक्षरता सीप हासिल गरेका इच्छुक व्यक्तिहरुको लागि माथिल्लो साक्षरता सीप विकास सम्बन्धी शिक्षा सम्झनु पर्छ ।

**३. विद्यालय खोल्न अनुमति लिनुपर्ने** :- .१॰ नगरपालिकाले बाहेक नेपाली नागरिकले विद्यालय खोल्न,

कक्षा वा तह थप गर्न चाहेमा निर्धारित ढाँचामा तोकिएको विवरण खुलाई सम्बन्धित वडा समितिको सिफारिस सहित शैक्षिक सत्र सुरुहुनु भन्दा तीन महिना अगावै नगरपालिकामा अनुमतिका लागि निवेदन दिनुपर्नेछ । यसरी निवेदन दिंदा संस्थागत विद्यालय खोल्न चाहानेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रुपमा सञ्चालन गर्न चाहेको हो सो व्यहोरा समेत निवेदनमा उल्लेख गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा नगरपालिकाले सो निवेदन उपर आवश्यक जांचवुझ गर्ने गराउनेछ र जांचवुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णयानुसार अनुमति दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमित लिई सञ्चालनमा रहेको विद्यालयले तोकिएको सर्त बन्देज पालना तथा पूरा गरेमा कार्यपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिकामा निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जांचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा शिक्षा समितिले माग बमोजिम विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ ।

(६) उपदफा (२) वा (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालय शैक्षिक गुठी वा सहकारीको रुपमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय।

(७) विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(८) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि निजीस्रोतबाट आधारभूत विद्यालयको प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति सम्बन्धित वडा कार्यालयले दिनेछ ।

(९) कुनै सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले कुनै मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा वा गोन्पा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिमनै हुनेछ ।

(११) प्रचलित नेपाल कानून बमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

(१२) यस दफा बमोजिम अनुमति वा कक्षा/तह थप वा स्वीकृति सम्बन्धी र विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४. विशेष शिक्षा, समावेशी शिक्षा, खुला शिक्षा अनौपचारिक शिक्षा, र निरन्तर शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :- (**१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा र खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाई सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न

सकिनेछ ।

(४) विशेष शिक्षा समावेशी शिक्षा र खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) अनौपचारिक शिक्षा र निरन्तर शिक्षा सम्बन्धी व्यवस्था संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**५. शिक्षाको प्रकार:-** विद्यालय शिक्षाको प्रकार देहाय अनुसार हुनेछ:

(क) आधारभूत शिक्षा

(१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(ख) माध्यमिक शिक्षा

(१) साधारण शिक्षा

(२) परम्परागत धार्मिक शिक्षा

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा

**६. शिक्षाको माध्यम:- (**१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा वा अंग्रेजी भाषा वा दुवै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहाय बमोजिम हुनेछ ।

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षा देखि कक्षा ५ सम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ ।

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ ।

**७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :-** (१) विद्यालयले नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागु गर्नुपर्नेछ ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**८. परीक्षाको सञ्चालन र व्यवस्थापन:- (**१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐन एवम् प्रदेश शिक्षा ऐन बमोजिम हुनेछ ।

(२) आधारभूत तहको अन्त्यमा हुने आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ ।

.३. आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन र व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समिति रहनेछ ः

.क. प्रमुख प्रशासकीय अधिकृत अध्यक्ष

.ख. सामुदायिक र संस्थागत विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एकजना महिला सहित परीक्षा समितिले मनोनित गरेको तीनजना सदस्य

.ग. नगरपालिकाको परीक्षा हेर्ने अधिकृत सदस्य–सचिव .४. उपदफा .३. बमोजिमको समितिमा मनोनीत सदस्यको पदावधि दुई वर्षको हुनेछ ।

.५. उपदफा .३. बमोजिमको परीक्षा समितिले सम्बन्धित विषयका विशेषज्ञलाई परीक्षा समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

.६. उपदफा .३. बमोजिमको परीक्षा समितिले बैठक सम्बन्धी व्यवस्था आफै व्यवस्थित गर्न सक्नेछ ।

(७) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

.क. परीक्षा सञ्चालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) परीक्षाको प्रश्नपत्र निर्माण र परिमार्जन गर्ने, गराउने

.ग. परीक्षा केन्द्र तोक्ने,

.घ. विद्यालयहरूलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

.ङ. परीक्षाफल प्रकाशन गराउने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने,

.च. परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

.छ. कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

.ज. विपद वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशन गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने ।

(८) आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**९. नगर शिक्षा समिति :-** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने कामको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ ।

.क. नगरपालिका प्रमुख — अध्यक्ष

(ख) नगरपालिका उप प्रमुख — सदस्य

.घ. प्रमुख प्रशासकीय अधिकृत — सदस्य

.ङ. कार्यपालिकाका सदस्यहरुमध्येबाट नगर प्रमुखले मनोनित गरेको दुई जना — सदस्य

.च. विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुमध्येबाट
शिक्षा समितिले मनोनित गरेको एकजना — सदस्य

(छ) सामुदायिक विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट
शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

.ज.संस्थागत विद्यालयका प्रधानाध्यापक वा शिक्षकहरुमध्येबाट
शिक्षा समितिले मनोनित गरेको एक जना — सदस्य

.झ. नेपाल शिक्षक महासंघको अध्यक्ष — सदस्य

.ञ. स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञमध्येबाट
समितिले मनोनित गरेको एकजना — सदस्य

(ट) नगर शिक्षा अधिकृत — सदस्य सचिव

उपदफा (१) बमोजिम सदस्य मनोनित गर्दा कम्तीमा दुई जना महिला पर्ने गरी मनोनयन गर्नुपर्नेछ ।

(२) मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर यसरी हटाउनु अंघि निजलाई आफनो सफाई पेश गर्ने मौकाबाट वन्चित गरिनेछैन ।

(३) समितिले विषय विज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

.क. बालबालिका आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रुपमा गराउन अभिभावकलाई जानकारी

गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

.ख॰ विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने,

.ग॰ विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

.घ॰ व्यवस्थापन समिति स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

.ङ॰ गरीबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागीता गराउन आवश्यक व्यवस्था मिलाउने,

.च॰ व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

.छ॰ विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

.ज॰ विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि पहल गर्ने,

.झ॰ विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

.ञ॰ नगरपालिका क्षेत्र भित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने र त्यस्ता जनशक्तिबाट स्वयंसेवक भै अध्यापन गर्न प्रोत्साहित गर्ने,

.ट॰ शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

.ठ॰ विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

.ड॰ विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने,

.ढ॰ आफ्नो क्षेत्र भित्रका बालबालिकाको विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

.ण॰ आफ्नो क्षेत्र भित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

.त॰ विद्यालयहरुको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्य योजना तयार गर्ने ।

.थ॰ विद्यालय शिक्षामा सुधारका लागि योजना वनाई नगर सभामा पेस गर्ने ।

.द॰ आफ्नो सेवा क्षेत्र भित्र विद्यालय सञ्चालन अनुमति, विद्यालय सार्ने, गाभ्ने समायोजन गर्ने लगायतका कार्य गर्ने, गराउने

.ध॰ आफ्नो सेवा क्षेत्र भित्रका शिक्षक, कर्मचारीहरुको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा नियुक्तिका लागि शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहित माग गर्न लगाउने,

.न॰ कुनै शिक्षक वा कर्मचारी विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि समितिको राय सहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यबाही गर्ने, गराउने ।

(प) नगर क्षेत्र भित्रका विद्यालयका शैक्षिक कार्यक्रममा एकरुपता हुने गरी वार्षिक शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्ने, गराउने

(फ) भौगोलिक एवम् विशेष क्षेत्रका आधारमा शिक्षा सम्बन्धी सुविधाहरुको व्यवस्थापन गर्ने ।

**१०. शिक्षा समितिको बैठक :** .१. नगर शिक्षा समितिको बैठक कम्तिमा तीन महिनामा एक पटक बस्नेछ ।

.२. समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउने छ ।

(३) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. नगर शिक्षा कोष :-** (१) सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन, शैक्षिक गुणस्तर अभिवृद्दि गर्न, विद्यार्थी शिक्षक तथा अभिभावकहरु प्रोत्साहन र क्षमता विकासका कार्य गर्न नगरपालिका स्तरमा एक नगर शिक्षा कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्

(क) संघीय सरकारबाट नगर शिक्षा कोषका लागि प्राप्त अनुदान रकम

(ख) प्रदेश सरकारबाट नगर शिक्षा कोषका लागि प्राप्त अनुदान रकम

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम

(घ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको कूल आम्दानीमध्ये तोकिए बमोजिम प्रतिशतले हुन आउने रकम

(ङ) शिक्षा करबाट उठेको रकम

(च) चन्दाबाट प्राप्त रकम

(छ) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार अन्य रकम

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ ।

**१२. विद्यालय व्यवस्थापन समिति :-** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क. अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका
दुईजना महिला सहित चार जना — सदस्य

(ख. विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा
वडा समितिले तोकेको वडा समितिको सदस्य — सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालय
निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालय दश लाख वा सो भन्दा बढी
नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरुमध्येबाट विद्यालय व्यवस्थापन समितिले
मनोनित गरेको एक जना महिला सहित दुईजना — सदस्य

(घ) विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना — सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरु र समावेशी वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) प्राविधिक तथा व्यवसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा नगरपालिकाको सम्बन्धित शाखाको एक जना प्रतिनिधि र उद्योग वाणिज्य संघको एक जना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) उपदफा (१) को खण्ड (क), (ख) र (ग) बमोजिमका सदस्यहरु मध्येबाट वडा समितिले छानेको

सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(६) सम्बन्धित विद्यालय निरीक्षक र स्रोतव्यक्ति विद्यालय व्यवस्थापन समितिको बैठकमा पर्यवेक्षककोरुपमा भाग लिन आमन्त्रण गरिनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरुरहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ ।

(क) विद्यालयका संस्थापक लगानिकर्ता वा अभिभावकहरु मध्येबाट विद्यालयको सिफारिसमा नगरपालिकाले मनोनित गरेको व्यक्ति — अध्यक्ष

(ख) अभिभावकहरुले आफूहरुमध्येबाट छानी पठाएका एकजना महिला सहित दुईजना — सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिले तोकेको वडा समितिको सदस्य — सदस्य

(घ) सम्बन्धित विद्यालय निरीक्षक — सदस्य

(ङ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना — सदस्य

(च) विद्यालयको प्रधानाध्यापक — सदस्य सचिव

(८) उपदफा (१), (४) र (७) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत तोकिए बमोजिम पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिनेछैन ।

(९) प्रचलित शिक्षा ऐन (संशोधन सहित) बमोजिम गठन भएको व्यवस्थापन समिति यो ऐन लागु भएपछि तोकिए बमोजिम विघटन हुनेछ ।

(१०) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

.क. विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

.ख. विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

.ग. शिक्षक तथा कर्मचारी तालिमको लागि छनौट गर्ने,

.घ. तालिममा जाने शिक्षक तथा कर्मचारी तालिमबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा सर्तहरू निर्धारण गरी कबुलियतनामा गराउने,

.ङ. शिक्षक तथा कर्मचारीहरूको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

.च. विद्यालयको स्रोतबाट व्यहोर्ने गरी शिक्षक तथा कर्मचारी नियुक्त गर्ने । त्यसरी नियुक्त शिक्षक तथा कर्मचारी नेपाल सरकारले समान तहका शिक्षक तथा कर्मचारीलाई तोकिदिएको तलब स्केलमा नघटाई तलब भत्ता दिने,

.छ. नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक तथा कर्मचारीको पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकामा लेखी पठाउने,

.ज. विद्यालयका शिक्षक तथा कर्मचारीहरूको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने,

.झ॰ कुनै शिक्षक वा कर्मचारी यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समितिले कारबाही गर्न पाउने विषयमा विभागीय कारबाही गरी त्यसको जानकारी सम्बन्धित नगरपालिका दिने तथा आफू कारबाही गर्न अधिकार नभएको विषयमा कारबाहीको लागि सिफारिस गर्नु पर्ने भएमा आवश्यकता अनुसार आफ्नो राय सहितको प्रतिवेदन नगरपालिकामा पठाउने,

.ञ॰ विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने,

.ट॰ नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूमा विद्यालयलाई सरिक गराउने,

.ठ॰ शिक्षक तथा विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

.ड॰ शिक्षक तथा कर्मचारीहरूको अभिलेख अध्यावधिक गराई राख्ने,

.ढ॰ प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

.ण॰ विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्ये कम्तीमा तीन जना लेखापरीक्षकको नाम नियुक्तिको लागि नगर शिक्षा अधिकृतसमक्ष सिफारिस गर्ने,

.त॰ विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,

.थ॰ विद्यार्थीलाई उपलब्ध गराइएको छात्रवृत्ति रकम प्रदान गर्ने,

.द॰ निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिका वा विद्युतीय हाजिरीमा गयल जनाएकोमा त्यस्ता गयल भएका शिक्षक तथा कर्मचारीको गयल भएका दिनको तलब कट्टी गर्ने,

.ध॰ विद्यालय व्यवस्थापन समितिको सचिबालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,

.न॰ नगरपालिकासँग समन्वय गरी शैक्षिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,

.प॰ विद्यालयमा लक्षित समूहका लागि विशेष प्रकृतिको शैक्षिक कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएमा नगरपालिकामा माग गर्ने,

.फ॰ वार्षिक रुपमा विद्यालयका लागि आवश्यक मालसामान, मसलन्द सामग्रीको खरिद योजना स्वीकृत गर्ने,

.ब॰ विद्यालयको विपद जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना बमोजिम कार्यान्वयन गर्ने,

.भ॰ विद्यालयको चल अचल सम्पत्तिको संरक्षण र सदुपयोग गर्ने,

.म॰ आफ्नै स्रोतबाट नियुक्त हुने शिक्षक तथा कर्मचारीको सेवा, शर्त तथा विभागीय कारबाही व्यवस्थित गर्न कार्यविधि बनाई नगर शिक्षा अधिकृत मार्फत नगरपालिकाबाट स्वीकृत गराई लागू गर्ने,

.य॰ शिक्षक तथा कर्मचारीले आफ्नो पद अनुसारको आचरण पालना नगरेमा वा काम, कर्तव्य पूरा नगरेमा प्रचलित कानुन बमोजिम सचेत गराउने, बढीमा दुई ग्रेडवृद्धि रोक्का गर्ने वा बढीमा दुई वर्षसम्म बढुवा रोक्का गर्न नगर शिक्षा अधिकृत समक्ष कारबाहीको लागि सिफारिस गर्ने, तर यसरी विभागीय कारबाही अगाडि बढाउँदा सफाइको मनासिव मौका दिनुपर्नेछ ।

.र॰ नगरपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

११) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

.क॰ विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

.ख॰ विद्यालयका शिक्षक तथा कर्मचारीको सेवाको सुरक्षा र सम्वर्द्धन गर्ने,

.ग॰ विद्यार्थीहरूलाई परीक्षामा सामेल गराउने,

.घ॰ नेपाल सरकारबाट सञ्चालित बिभिन्न कार्यक्रममा विद्यालयलाई सरिक गराउने,

.ङ॰ प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरूको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक वर्षको आय, व्यय तथा शैक्षिक उपलब्धि र आगामी वर्षको शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,

.च॰ विद्यालयको शिक्षक पदको दरबन्दी स्वीकृत गर्ने तथा रिक्त पदमा अस्थायी शिक्षक नियुक्त गर्ने र ६ महिना भित्र स्थायी पदपूर्तिको प्रक्रिया शुरु गर्ने,

.छ॰ विद्यालयमा नियुक्त शिक्षक तथा कर्मचारीलाई सामुदायिक विद्यालयका समान तहका शिक्षक नेपाल सरकारले उपलब्ध गराउने तलव भत्तामा नघट्ने गरी सुविधा उपलब्ध गराउने,

.ज॰ शिक्षक तथा कर्मचारी कल्याण कोषको व्यवस्था गर्ने,

.झ॰ खण्ड .ज॰ बमोजिमको कोषमा जम्मा भएको रकम सोही खण्डमा उल्लिखित काममा मात्र खर्च गर्ने,

.ञ॰ आफ्नो आचरण अनुसार काम नगर्ने शिक्षक तथा कर्मचारीलाई विभागीय कारवाही गर्ने,

.ट॰ विद्यालयको लेखा परीक्षणको लागि प्रचलित कानून बमोजिम दर्ता भएका लेखा परीक्षकहरुमध्येबाट कम्तीमा तीन जना लेखा परीक्षकको नाम नियुक्तिको लागि नगर शिक्षा अधिकृत मार्फत नगरपालिका समक्ष सिफारिस गर्ने,

.ठ॰ विद्यार्थीहरूले पालना गर्नु पर्ने आचार संहिता बनाई लागू गर्ने,

.ड॰ शिक्षक अभिभावक संघ गठन गर्ने ।

.ढ॰ नगरपालिकाले दिएको निर्देशन अनुरूप काम गर्ने ।

.१२॰ व्यवस्थापन समितिले आफ्नो अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार व्यवस्थापन समितिको सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(१३) व्यवस्थापन समितिको गठन, छनौट, योग्यता तथा बैठक लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१३. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने** :- (१) देहायको अवस्था एवम् तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई नगर शिक्षा अधिकृतको सिफारिसमा शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ ।

.क॰ विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

.ख॰ विद्यालयको शैक्षिक वातावरण खल्बल्याएमा,

.ग॰ नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरीत काम गरेमा,

.घ॰ सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा ।

तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मुनासिव मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभए सम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न

सक्नेछ ।

**१४. विद्यालयको सम्पत्ति :-** (१) सामुदायिक विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ ।यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ ।

(२) शैक्षिक गुठी तथा सहकारीको रुपमा संचालित संस्थागत विद्यालयको अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ ।त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरुप परिवर्तन हुने छैन ।

(३) कम्पनीको रुपमा संचालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ/संस्थासँग दान दातव्यकोरुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति वेगर वेचविखन गर्न पाईने छैन ।

(६) विद्यालयको नाममा रहेको सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र प्रधानाध्यापकको हुनेछ ।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१५. विद्यालयको वर्गिकरण** :- विद्यालयहरुलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**१६. निशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्था:-** (१) नेपाल सरकारले निशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउनेछैन ।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सवै बालबालिका आधारभूत तहसम्मको शिक्षा निशुल्क र अनिवार्य गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ ।

(४) दृष्टिविहिन बालबालिका ब्रेललिपि तथा बहिरा तथा स्वर वा वोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिका सांकेतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिईसके पछि पुन सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिए बमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नुपर्नेछ ।यसरी शुल्क निर्धारणको स्वीकृत दिंदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरु लगायत अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरित कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थी फिर्ता गर्न लगाउनु पर्छ ।

(१०) यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरित शुल्क लिने

विद्यालयलाई तोकिएको अधिकारीले पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

**१७. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्था :-** (१) नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

(२) संस्थागत विद्यालयले प्रत्येक कक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई तोकिए बमोजिम शुल्क सहुलियत गरी जेहेन्दार छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(३) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम विपन्न तथा गरिव, महिला, जनजाति, दलित, अपाङ्गता भएका र जेहेन्दार विद्यार्थीलाई निशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिमा अभिभावकबाट छनौट भएको सदस्यको संयोजकत्वमा नगरपालिकाको विद्यालय निरीक्षक, वडा अध्यक्ष वा निजले तोकेको सदस्य र विद्यालयको प्रधानाध्यापक रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(५) उपदफा (२) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनौट गर्ने आधार प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**१८. बालबालिका अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्ने :- .१.** सबै अभिभावकले पाँच वर्ष पुरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रुपमा विद्यालय पठाउनु पर्नेछ ।

**.२.** शिक्षा मौलिक हकको रुपमा स्थापित गर्न नगरपालिकाले प्रत्येक विद्यालयका लागि निश्चित भौगोलिक क्षेत्रलाई सेवा क्षेत्रको रुपमा तोकिदिन सक्नेछ ।

(३) नगरपालिका क्षेत्र भित्रका विशेष बालबालिका (फरक क्षमता भएका), टुहुरा, अलपत्र परेका र बेसाहारा तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छोडेका बालबालिकालाई छात्रवृत्ति वा विशेष व्यवस्था गरी वा निजका अभिभावक वा संरक्षकलाई सघाई बालबालिकालाई विद्यालयमा ल्याउनु नगरपालिका, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको जिम्मेवारी हुनेछ ।

(४) उपनियम **.१.** बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिका विद्यालय पठाए नपठाएको सम्बन्धमा शिक्षा समिति, विद्यालय निरीक्षक, स्रोतव्यक्ति, वडा अध्यक्ष तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

**.५.** कुनै अभिभावकले उपनियम **.१.** बमोजिम बालबालिका विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन लगाउनु पर्नेछ ।

**.६.** उपनियम **.५.** वमोजिम सम्झाई बुझाई गर्दा समेत बालबालिका विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकावाट उपलब्ध गराउने सेवा सुविधावाट वञ्चित गर्न सकिनेछ ।

**.७.** यस दफा बमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थी विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ ।

**.८.** विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रुपमा विद्यालय भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागु गर्ने दायित्त्व शिक्षा समितिको हुनेछ ।

**१९. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा वन्द गर्न सक्ने :-** (१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भईरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सो भन्दा बढी विद्यालय गाभी एउटा

विद्यालय कायम गर्न, एउटा विद्यालय अर्को विद्यालयमा समायोजन गर्न, कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ ।

(२) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा वन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२०. शिक्षकको सरुवा :-** (१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिए बमोजिमको ढांचामा नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा नगरपालिकाले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ ।

तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको नगरपालिका / गाउँपालिकाको र सम्बन्धित विद्यालय व्यवस्थापन समितिको सहमति लिई नगरपालिकाको निर्णय बमोजिम सरुवा गर्न सकिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिए बमोजिमको मापदण्डको आधारमा शिक्षा समितिको निर्णयानुसार कार्यालयले आफ्नो नगर भित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ ।

तर दरबन्दी मिलान गर्दा वा तोकिए बमोजिमको विशेष कारणबस कुनै शिक्षक कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा नभएको भए पनि कारण खुलाई यस दफा बमोजिम सरुवा गर्न बाधा पर्ने छैन ।

(४) स्थायी नियुक्ति लिएको वा सरुवा भई आएको दुई वर्ष सेवा अवधि पूरा नभएको शिक्षक, र अनियार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम सेवा अवधि बाँकी रहेको शिक्षकलाई सरुवा गरिने छैन ।

**२१. शिक्षक छनौट समिति ः .** १॰ सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिका लागि सिफारिस गर्न वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक शिक्षक छनौट समिति रहनेछ ः

.क॰ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य अध्यक्ष

.ख॰ सम्बन्धित क्षेत्रको विद्यालय निरिक्षकशिक्षा अधिकृत वा सो नभए नगर शिक्षा अधिकृतले तोकेको प्रतिनिधि सदस्य

(ग) सम्बन्धित वडाको अध्यक्ष वा वडा समितिले तोकेको सदस्य सदस्य

.घ॰ नगरपालिकामा सूचिकृत भएका विषय विशेषज्ञहरुमध्येबाट दुई जना सदस्य

.ङ॰ प्रधानाध्यापक सदस्य–सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नुपर्नेछ ।

.३॰ शिक्षक छनौट समिति सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२२. करारमा शिक्षक नियुक्ति सम्बन्धी व्यवस्थाः .**१॰ नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले कार्यालय मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ ।

.२॰ उपदफा .१॰ बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

.३॰ उपदफा .१॰ बमोजिम आयोगबाट प्रकाशित सूचीमा कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश

भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्ति करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ ।

.४. उपदफा .२. वा .३. बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा कार्यालयबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ ।

(५) राहात अनुदान कोटामा करार शिक्षक छनौट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ ।

**२३. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदान :-** (१) सामुदायिक विद्यालय नेपाल सरकार वा प्रदेश सरकारबाट प्राप्त रकम नगरपालिकाले वार्षिक कार्यक्रममा स्वीकृत गराई विद्यालयको संचित कोषमा पठाउने व्यवस्था मिलाउने छ ।

(२) विद्यालयको आन्तरिक आय समेत अध्ययन गरी नगरपालिकाले सामुदायिक विद्यालयहरुलाई देहायको आधारमा अनुदानको बाँडफाँड गरिनेछ ।

(क) विद्यालयको विद्यार्थी संख्या

(ख) विद्यालयको शिक्षक संख्या

(ग) विद्यालयको सिकाई उपलब्धी

(घ) विद्यालयको आर्थिक अवस्था

(३) नेपाल सरकार तथा नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सकिनेछ ।

(४) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ ।

(५) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिंदै आएको अनुदान रकममा कटौती गरिनेछैन ।

तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिंदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

**२४. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्ने :-** (१) नगरपालिकाले सामुदायिक विद्यालय र सार्वजिनक गुठी अन्तर्गत संचालित विद्यालयहरुवीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२५. सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्ने :-** (१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाई र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेछ ।

(२) सामुदायिक सिकाई केन्द्र एक वडामा एउटा भन्दा बढी हुनेछैन ।

(३) सामुदायिक सिकाई केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२६. निर्देशन दिन सक्ने :-** (१) कार्यपालिकाले आवश्यकता अनुसार शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिईएको निर्देशनको पालना गर्नु शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७. अनुमति वा स्वीकृति रद्द गर्ने :-** कुनै संस्थागत विद्यालयले यो ऐन र अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड, नगरपालिका वा सम्बन्धित पदाधिकारीले दिएको निर्देशन विपरित काम गरेमा नगरपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ ।

**२८. विद्यालय सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :-** (१) विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा सिकाई सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनैपनि किसिमको अवान्छित क्रियाकलाप हुन नदिने गरी विद्यालय सुरक्षित क्षेत्र कायम गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विद्यालय सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२९. बालबालिका निष्कासन गर्न शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :-**

(१) कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाईने छैन ।

**३०. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्था :-** (१) शिक्षकहरु उच्च आदर्शले प्रेरित भई सिकाई सहजीकरण कार्यमा संलग्न हुनु पर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरुको लागि आचारसंहिता तोकिनेछ ।आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) शिक्षक तथा कर्मचारीको सेवा, सर्त, सुविधा, विदा, काज, सजायं र अवकास सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३१. शिक्षकलाई अन्य काममा लगाउन नहुने** :- (१) सामुदायिक विद्यालयको शिक्षकलाई विद्यालयमा सिकाई सहजीकरण गर्ने, विद्यालयको प्रशासन, व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन नहुने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्दार वा नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३२. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने :-** नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलव भत्ता पाउनेछैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३३. स्थायी आवासीय अनुमति लिन नहुने :-** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनु अघि कसैले स्थायी आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ ।

**३४. कर्मचारी सम्बन्धी व्यवस्था :-** विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३५. विद्यार्थी - शिक्षक अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहयोग :-** (१) शिक्षा समितिले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नेछ ।

(२) विद्यालयमा कायम हुने न्यूनतम दरबन्दी तथा शिक्षक, विद्यार्थी अनुपातका आधारमा निश्चित मापदण्ड बनाई शिक्षा समितिले शिक्षक दरबन्दी मिलान र शिक्षक व्यवस्थापन गर्नेछ ।

(३) न्यूनतम शिक्षक दरबन्दी नरहेका एवम् उच्च विद्यार्थी शिक्षक अनुपात रही थप शिक्षक दरबन्दी उपलब्ध नभएका विद्यालयहरुलाई प्रति विद्यार्थी लागतको आधारमा शिक्षक सहयोग सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३६. ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्था :-**

(१) ट्यूसन, कोचिङ, भाषा शिक्षण, पूर्व तयारी कक्षा, ब्रिज कोर्ष, शैक्षिक परामर्श सेवा लगायतका कार्यक्रम सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम ट्यूसन, कोचिङ, भाषा शिक्षण, पूर्व तयारी कक्षा, ब्रिज कोर्ष, शैक्षिक परामर्श सेवा सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३७. नियम बनाउने अधिकार :-** यस ऐनको उद्धेश्य कार्यान्वयन गर्न यस ऐनको अधिनमा रही कार्यपालिकाले नियमावली, निर्दशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

**३८. यस ऐन बमोजिम हुने** :- यस ऐनमा उल्लेख भएका विषयमा यसै ऐन बमोजिम हुने र यस ऐन वा यस ऐनको अधिनमा रही बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्डमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

**३९. बाधा अड्काउ हटाउने अधिकार :-** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह हुनेछ ।

**४०. बचाउ र लागु नहुने :-** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा लेखिए जति विषयमा सोही बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) यस ऐन वा अन्तर्गत उल्लेखित कुनै विषय नेपालको संविधान, संघीय शिक्षा ऐन वा प्रदेश शिक्षा ऐनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

आज्ञाले,

मिठाराम हुमागाँई

प्रमुख प्रशासकीय अधिकृत

राप्तीनगरपालिका